


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार

| अंक - १० | असार २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## समग्रको कार्यक्रमको वार्षिक अनुगमन



समग्रको अनुगमन तथा मूल्यङ्कन प्रणालीअन्तर्गत चालू आर्थिक वर्षको वार्षिक अनुगमन/पुनरावलोकन (Annual Review) सम्पन्न भएको छ । तयनीतिक साझेदारी कार्यक्रमको कार्यान्वयन शुरू भएपछिको पहिलो वर्षको यो अनुगमन कार्य स्वतन्त्र परामर्श दाता हेमन्तराज दाहालको नेतृत्वमा तयनीतिक साझेदारका तर्फबाट डेनिडाह्युगोका प्रतिनिधि एक जना र समग्रका प्रतिनिधि एक जना सदस्य रहेको टिमले गरेको थियो ।

अनुगमनको क्रममा यो टिम असार ११ गते लमजुङको घनपोखरा, १२ गते गोरखाको खोप्लाङ र १३ गते धादिङको तसर्पुमा पुगेर त्यहाँका सामाजिक परिवारहरू, समग्रका कर्मचारी तथा कार्यकर्ता र अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया गरेको थियो । त्यसपछि समग्रको केन्द्रीय कार्यालयमा समग्रका कर्मचारी तथा कार्यसमितिसँग खुला छलफल भएको थियो ।





## कार्यसमितिको भूमिका अभिवृद्धिसम्बन्धी कार्यशाला गोष्ठी

"कार्यसमितिको भूमिका तथा जिम्मेवारी अभिवृद्धि" सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठीमा समग्रको टिम सहभागी भयो । डेनिडाह्युगोद्वारा आफ्ना तयनीतिक साझेदारहरूका लागि प्राविधिक सहयोगको रूपमा काठमाडौंमा सञ्चालित उक्त गोष्ठीमा समग्रका अध्यक्ष बालकृष्णलाल जोशी, कार्यसमिति सदस्य डा. छेकी शेर्पा र कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलको सक्रिय सहभागिता रहेको थियो । एउटा प्रभावकारी कार्यसमितिका गुणहरूको बारेमा जानकारी दिने र चेतना अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित उक्त गोष्ठीमा सिकाइएका स्वमूल्याङ्कन विधिहरू अभ्यासमा ल्याएर संस्थागत सुशासनका लागि

कार्यसमितिले आफ्नै विश्लेषण गरी आवश्यकताअनुसार भूमिका परिवर्तन गर्न तथा थप योगदान पुऱ्याउन सकिने कुरा उहाँहरूले गोष्ठिपछि समग्रमा बसेको कार्यसमिति र कर्मचारीहरूको संयुक्त बैठमा जानकारी गराउनुभयो ।

## गोरखामा आधारभूत सामाजिक मेलमिलाप तालिम सम्पन्न






सेलर्डको आयोजना र सञ्चालन तथा समग्र विकास सेवा केन्द्रको व्यवस्थापनमा गोरखा बजारमा आधरभूत सामाजिक मेलमिलापसम्बन्धी सात दिने तालिम यही जेष्ठ २५ देखि ३१ सम्म सम्पन्न भयो । तालिममा समग्रका कार्यकर्ता र सामाजिक परिवारका प्रतिनिधिहरू गरेर १५ जना (लमजुङबाट ४, धादिङबाट ५ र गोरखाबाट ६ जना) र सामुदायिक स्वावलम्बन केन्द्रका १० जना गरी २५ जनाको सहभागिता रहेको थियो । उक्त तालिममा सामाजिक मेलमिलापसम्बन्धी विभिन्न विधि, चरण र सिद्धान्तबारे प्रशिक्षण दिइएको थियो जसमा कसरी सामाजिक मेलमिलापकर्ता बन्ने, असल सुनाइ, सकारात्मक विचार आदि समावेश थिए । तालिममा सामाजिक मेलमिलापसम्बन्धी सैद्धान्तिक ज्ञानका साथै विभिन्न भूमिकाको अभिनयसमेत गरिएको थियो । तालिममा सेलर्ड पश्चिमआञ्चल संयोजक नारायण रेग्मी, विराटनगर संयोजक गणेश लुइटेल, नवलपरासी संयोजक सीताराम अधिकारीले सहजीकरण गर्नुभएको थियो भने स्थानीय व्यवस्थापनका लागि समग्रका क्षेत्रीय संयोजक नकुल थापा र गोरखा जिल्लाका वरिष्ठ उत्प्रेरक भरत श्रेष्ठले सक्रिय भूमिका निभाउनुभएको थियो । सामाजिक परिवारस्तरमा सामाजिक मेलमिलापका लागि यहाँ सिकेका कुरा निकै उपयोगी हुने तालिममा सहभागीहरूको भनाइ थियो ।

## जेठ महिनामा सञ्चालित/सम्पन्न नियमित गतिविधिहरू

| क्रियाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानवअधिकारको अनुगमन | २ | ४३ | ८ | ५१ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | ३ | १५० | ९६ | २४६ |
| २.६ | मानवअधिकार, द्वन्द्व व्यवस्थापन, संस्थागत विकास, असल शासनलगायत विषयहरूमा सा.प. स्तरको अभिमुखीकरण | ४ | १०७ | ३४ | १४१ |
| २.१० | समन्वय / सञ्जाल स्थापना / माग पत्र पेस / लबिङ भ्रमण | १२ | १७९ | ८७ | २६६ |
| ३.१ | अन्तरजातीय मिलान/द्वन्द्व व्यवस्थापन कार्य | २ | २० | १८ | ३८ |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरूबीच अन्तरक्रिया | २ | २५ | ३१ | ५६ |
| ३.३ | मेलमिलाप कार्यक्रम | ४ | ८४ | २५ | १०९ |
| ३.४ | शान्ति र मेलमिलापसम्बन्धी कार्य | ६ | १२८ | ५० | १७८ |
| ४.१ | सा.प.को श्रोत व्यवस्थापनसम्बन्धी कार्य | १ | १७ | ६ | २३ |
| ४.२ | सहकारीसम्बन्धी अभिमुखीकरण तथा सहजीकरण | १ | २६ | ३ | २९ |
| ४.४ | श्रोत, साधन तथा अधिकार दाबी | २ | ४० | ९ | ४९ |
| ५.१ | व्यावसायिक तथा सीप विकास तालिम | १ | ७ | २० | २७ |
| ५.२ | घुम्तीकोष व्यवस्थापन | १ | १८ | ५ | २३ |

समग्र

## पेन्सनपछि सामाजिक परिवारमार्फत गाउँमा शिक्षा...

साचै नै मैले धेरै बालबालिकालाई ३० वर्षसम्म क, ख सिकाएँ जुन सिकाइबाट धेरै मानिसहरू ठूला ठूला पोटमा पुगेका छन् तर मैले प्रौढ व्यक्तिहरूलाई सिकाउने अवसर पाएको थिइन । अर्को कुरा समाज कसरी अगाडि बढाउनुपर्छ, त्यसका प्रक्रियाहरू के-के हुन् भन्ने कुरामा म धेरैपछि रहेछु भन्ने लागेको छ । हाल आएर समग्र विकास सेवा केन्द्रले मेरो गाउँमा सामाजिक परिवारको नाम दिई मलाई पनि त्यसको सदस्य बन्ने अवसर प्रदान गऱ्यो । शुरूमा त मेरो पेन्सिन नभएकोले मैले धेरै समय दिन सकिन । जब मेरो पेन्सिन भयो त्यसपछि यसले आयोजना गरेको कार्यक्रममा समवेश भएँ, त्यसपछि मलाई थाहा भयो म शिक्षक मान्छे पनि यति पछाडि रहेछु भन्ने । हाल मैले अधिकारसँग सम्बन्धित विभिन्न किताब पढ्ने गरेको छु जसबाट मैले मेरो सामाजिक परिवारका सदस्यहरूलाई समेत सिकाएर अधिकार क्षेत्रमा आफूलाई स्थापित गर्ने जमर्को गरेको छु । यदि समग्रले सामाजिक परिवारको सदस्यको रूपमा मलाई आबद्ध नगरेको भए सायद म यो अवसरबाट वञ्चित हुन्थेँहोला ।

**बुद्धिवहादुर कुमाल**
**नवप्रभात सामाजिक परिवार सदस्य**
पेन्सनप्राप्त शिक्षक
छोप्राक गाविस वाड नं. ९, गोरखा



## स्थानीयस्तरमा मानवअधिकार अनुगमन ............

समग्रका कार्यकर्ता तथा सामाजिक परिवारका प्रतिनिधिहरूलाई मानवअधिकार अनुगमनको तालिम दिएपछि स्थानीयस्तरमा उनीहरूले मानवअधिकार उल्लङ्घन हुँदा अनुगमन गरी प्रतिवेदनहरू पठाउन थालेका छन् । तीमध्ये लमजुङको एउटा अनुगमन प्रतिवेदनको सारांश यहाँ प्रस्तुत गरिएको छः:

लमजुङ जिल्लाको भुलभुले गा.वि.स. वार्ड नं. ८ निवासी हर्क वहादुर भुजेलका श्रीमती साथै सोही जिल्लाको बाहुनडाँडा गाविस वाड नं. ६ मा माइती भएकी ३० वर्षकी संगीता भुजेलमाथि समाजमा हुने विभिन्न अन्धविश्वासका आधारमा उनलाई बोक्सीको आरोप लगाइएको थियो । सो घटनाको समग्र विकास सेवा केन्द्रसहित जिल्लास्थित मानवअधिकारका क्षेत्रमा क्रियाशील संस्था मानवअधिकार तथा शान्ति समाजले अनुगमन गरेको थियो ।

**घटना विवरण :**

संगीता भुजेल विगत १५ महिना अगाडिदेखि आफ्नो श्रीमान वैदेशिक रोजगारको क्रममा दुबई गएपछि उनी आफ्ना २ छोरी र १ छोराका साथमा आफ्नो जीवनको दु:ख गुजारा गरिरहेकी थिइन् । उनी क्षारे रोगबाट पीडित भएकोले कहिलेकाहीँ काम्ने गर्थिन् । यही कारण देखाई समाजको अन्धविश्वासको आधारमा उनलाई बोक्सी वा सतबौलाइको आरोप लगाइने गरेको पाइयो ।



संगीता भुजेल

यस्तै क्रममा मिति २०६६ चैत्र ६ गते आफ्नै खेतबारीमा काम गर्ने क्रममा छिमेकी गंगा महतसँग साँधसिमानाको निहुँमा विवाद उत्पन्न भई झगडाको रूप लिन पुग्यो । विवादको ३,४ दिनपछि उक्त विवाद गर्ने अर्को पक्ष गंगा महत बिरामी हुन पुगिन् जसको आरोप संगीतालाई लगाइयो । निज बिरामी र उसका परिवार र इष्टमित्रहरूले समेत संगीतालाई जथाभाबी गाली गलौज गर्दै अपमानपूर्ण व्यवहार बारम्बार गरिरहे । विभिन्न धामी झाँक्री ल्याएर उपचार गर्ने, त्यसो गर्दा निको नभए वा धामी झाँक्रीले समेत उनलाई बोक्सी भनी प्रमाणित गरेमा शारीरक, मानसिक यातना दिने कुरासमेत गरेपछि उनी आफ्नो सुरक्षाका लागि माइत गएर बसेकी छिन् ।

## घटनासम्बन्धी पीडितको भनाइ


गंगा महत

म पहिलादेखि नै क्षारे रोगबाट पीडित थिएँ र उक्त रोगले समातेपछि मेरो शरीर काम्ने गर्दथ्यो जुन बेला मलाई केही पनि थाहा हुँदैन थियो । जुन कुरा मेरो श्रीमान हुँदा पनि हुने गर्दथ्यो तर त्यति बेला भने यस्तो आरोप लगाउने काम गर्दैन थिए, बरू सबैबाट सहयोग र सहानुभूति पाउने गर्दथेँ । तर मेरो श्रीमान विदेश गएपछि सहयोगको सट्टा मैले विभिन्न गाली गलौज पाउन थालेँ । विगतको समयमा समेत पिडित गंगाको घर परिवारसँग साँधसिमानामा झगडा भइरहने गर्थ्यो, तर यस्तो बोक्सीको आरोप भने लगाएको थिएन । अहिले म एक्लो भएको देखेर यो आरोप लगाए । मसँग झगडा भएको दुई चार दिनमा निज गंगा महत बिरामी भएपछि उनीहरूले मलाई बोक्सीको आरोप लगाई बिरामीको कारण मलाई देखाई विभिन्न धामी झाँक्री बोलाएर मेरो चरित्र हत्या गर्ने र विभिन्न खाले यातना दिने भन्ने षड्यन्त्र थाहा पाएपछि म  भागेर सुरक्षाका लागि माइती आएर बसेकी छु ।

## पिडकको भनाइ

उसलाई हामीले मात्र बोक्सी भनी आरोप लगाएको होइन, यो समाजका अन्य व्यक्तिले पनि लगाउँदै आएका छन् र अहिले पनि हामीले व्यक्तिगत रूपमा कुनै आरोप लगाई शारीरिक र मानसिक यातना दिने भनेका छैनौं । आफू बिरामी भएपछि गाउँ-समाजको चालचलनअनुसार धामी झाँक्री ल्याई उपचार गर्ने विचार गरेका हौं जसमा हामीले धामी झाँक्रीका विधिअनुसार मात्र काम गर्ने भनेका हौँ ।

## टोलीको निष्कर्ष तथा सुझाव :

१. माथि उल्लेखित घटनामा एउटा व्यक्तिको सम्मानपूर्वक स्वतन्त्र रही आफ्नो जीवन यापन गर्न पाउने अधिकार हनन् भएको पाइयो ।
२. यो अनुगमन टोली कुनै अन्धविश्वासको आधारमा कसैलाई समाजमा सम्मान पूर्वक बाँच्न पाउनुपर्ने अधिकार सुनिश्चत गर्न सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,** हस्पिटल मार्ग, चाबहिल,  पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल: **samagra@mcmail.com.np,** वेभसाइट: **www.samagra-nepal.org**